नेपाल सरकार
अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय
# Financial Comptroller General Office

अनामनगर, काठमाण्डौं

फ्याक्स नं.- ०१-४७७०३८६
फो.नं.- ०१-४७७११४०
ईमेल : igfcs@fcgo.gov.np

(अन्तर सरकारी वित्त समन्वय शाखा)

प.सं. २०८१/८२
च.नं. ९०

मिति :- २०८१।०४।२३

विषय :- स्थानीय तह राजश्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८१ पठाइएको सम्वन्धमा ।

श्री स्थानीय तह सवै, (७५३) ।
श्री नेपाल राष्ट्र वैंक, बैङ्किग कार्यालय, सरकारी लेखा फाँट, वालुवाटार।
श्री स्थानीय तहको कारोवार गर्ने वाणिज्य बैंक, (सवै)।

स्थानीय तहको राजश्व संकलन, लेखाङ्कन तथा प्रतिवेदनलाई सूचना प्रविधिमा आधारित प्रणाली मार्फत व्यवस्थित गर्न र नगद प्रवाहलाई सरल, मितव्ययी, पारदर्शी तथा प्रभावकारी वनाई वित्तीय जोखिम न्यूनीकरण गर्नको लागि तयार गरिएको स्थानीय तह राजश्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८१ नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८१ आषाढ २७ को निर्णयवाट स्वीकृत भएकोले सो निर्देशिका कार्यान्वयनको लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

..................
(मुन कुमार के.सी)
उप महालेखा नियन्त्रक

वोधार्थ:
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।
श्री कोष व्यवस्थापन तथा प्रणाली विकास शाखा, महालेखा नियन्त्रक कार्यालय ।
श्री वित्तीय प्रतिवेदन तथा प्रकाशन शाखा, महालेखा नियन्त्रक कार्यालय ।
श्री सूचना प्रविधि शाखा, महालेखा नियन्त्रक कार्यालय ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, (सवै) ।
श्री नेपाल क्लियरिङ हाउस लि.कमलादी, काठमाण्डौ ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पत्र संख्या :

च.नं. : म.बै./३२१/१३६७

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः २०८१/३/२७
नेपाल संवत् ११४४

श्री सचिव,
अर्थ मन्त्रालय।

स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका स्वीकृत गर्ने विषय म.प.बै.सं. १५/०८१ मिति २०८१/३/२७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु-

<u>नेपाल सरकारको निर्णय</u>-

"स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८० स्वीकृत गर्ने विषयको अर्थ मन्त्रालयको दर्ता नं. २/९०-०८०/१२/५ को प्रस्ताव म.प.बै.सं. ६०/०८० मिति २०८०/१२/८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा 'मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने' निर्णय भएअनुसार मिति २०८१/१/३० मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट परिमार्जन भएबमोजिम यसैसाथ संलग्न 'स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८१' स्वीकृत गर्ने।"

(लीलादेवी गडतौला)
निमित्त मुख्यसचिव

<u>बोधार्थः</u>
श्री सचिव,
मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समिति।

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं. २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ४२/०८१
च.नं.:- मं.स.सं./३२२/६१६८

मितिः २०८१/१/३०
नेपाल संवत् ११४४

श्रीमान् मुख्यसचिवज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय।

मिति २०८१/१/३० मा बसेको मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा अनुरोध गर्दछु।

"स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८० स्वीकृत गर्ने विषयको अर्थ मन्त्रालयको दर्ता नं. २/९०-०८०/१२/५ को प्रस्ताव म.प.बै.सं. ६०/०८० मिति २०८०/१२/८ को मन्त्रिपरिषद्‌को बैठकमा पेस हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेस गर्ने" निर्णय भएअनुसार आजको बैठकमा पेस भइ छलफल हुँदा छलफलका क्रममा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जन गरिएको यसैसाथ संलग्न "स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८१" स्वीकृतिका लागि मन्त्रिपरिषद्‌समक्ष पेस गर्ने।"

(नारायणप्रसाद शर्मा दुवाडी)
सचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http/www.opmcm.gov.np

म.प.आ.पू. समिति बै.
निर्णय २०८१।१।३०

## <u>स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८१</u>

**प्रस्तावना:** स्थानीय तहको राजस्व सङ्कलन, लेखाङ्कन तथा प्रतिवेदनलाई सूचना प्रविधिमा आधारित प्रणालीमार्फत व्यवस्थित गर्न र नगद प्रवाहलाई सरल, मितव्ययी, पारदर्शी तथा प्रभावकारी बनाइ वित्तीय जोखिम न्यूनीकरण गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारको स्वीकृति लिइ महालेखा नियन्त्रक कार्यालयले यो निर्देशिका बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भ:** (१) यो निर्देशिकाको नाम "स्थानीय तह राजस्व व्यवस्थापन प्रणाली सञ्चालन निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "कोर बैङ्किङ प्रणाली" भन्नाले निक्षेपकर्ताको खाता व्यवस्थापन तथा बैङ्किङ कारोबारका लागि बैङ्कले सञ्चालन गरेको सूचना प्रविधिमा आधारित प्रणाली सम्झनु पर्छ।

(ग) "दैनिक कारोबार बन्द (डे क्लोज)" भन्नाले राजस्व मोड्युलको बैङ्क इन्टरफेसमा बैङ्क शाखाले दैनिक कारोबार बन्द गर्ने कार्यलाई सम्झनु पर्छ र सो शब्दले बैङ्क इन्टरफेसमा प्रत्येक रातको बाह्र बजे स्वतः दैनिक कारोबार बन्द हुने कार्यलाई समेत जनाउँछ।

(घ) "बैङ्क इन्टरफेस" भन्नाले राजस्व मोड्युल र राजस्व पोर्टलसँग जोडिएको तथा करदाता वा सेवाग्राहीले स्थानीय तहको लागि बैङ्कमा राजस्व बुझाउन र बैङ्कले बुझिलिनको लागि प्रयोग गर्ने र करदाता वा सेवाग्राहीबाट स्थानीय तहको लागि कुनै पनि माध्यमबाट भुक्तानी भएको राजस्व दाखिला भौचर सङ्ग्रहित हुने राजस्व मोड्युलको बैङ्क इन्टरफेस सम्झनु पर्छ।

(ङ) "राजस्व खाता" भन्नाले स्थानीय तहको सरकारी कारोबार गर्न बैङ्कमा खोलिएको आन्तरिक राजस्व खाता र विभाज्य कोष खातासमेतका राजस्व खाता सम्झनु पर्छ।

(च) "राजस्व दाखिला भौचर" भन्नाले अनुसूची-१ बमोजिमको ढाँचाको स्थानीय तहको राजस्व दाखिला फाराम सम्झनु पर्छ।

(छ) "राजस्व पोर्टल" भन्नाले राजस्व मोड्युल र सोको बैङ्क इन्टरफेससँग जोडिएको तथा करदाता वा सेवाग्राहीले आफ्नो व्यक्तिगत वा संस्थागत विवरण

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

प्र.प.आ.पु. समिति बै.
निर्णय २०८१।१।२०

अनलाइन प्रणालीमार्फत आफैं भर्न वा स्थानीय तहको राजस्व अनलाइन प्रणालीमार्फत बुझाउनको लागि प्रयोग गरिने स्थानीय तह राजस्व पोर्टल सम्झनु पर्छ र सो शब्दले राजस्व पोर्टलको मोबाइल एपलाई समेत जनाउँछ।

(ज) "राजस्व मोड्युल" भन्नाले स्थानीय तहको राजस्व व्यवस्थापनको लागि स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) मा आवद्ध गरिएको राजस्व मोड्युल सम्झनु पर्छ।

(झ) "विशेष परिस्थिति" भन्नाले प्राकृतिक वा गैरप्राकृतिक विपद्को कारणबाट सिर्जित परिस्थिति सम्झनु पर्छ र सो शब्दले युद्ध वा आन्तरिक द्वन्द्वजस्ता परिस्थितिलाई समेत जनाउँछ।

(ञ) "सङ्कलन केन्द्र" भन्नाले राजस्व सङ्कलन गर्ने स्थानीय तहको कार्यपालिकाको कार्यालय, वडा, महाशाखा वा शाखा वा स्थानीय तहअन्तर्गतको अन्य कुनै कार्यालय सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ र सो शब्दले स्थानीय तहको कार्यपालिकाको कार्यालय, वडा, महाशाखा वा शाखा वा अन्तर्गतको अन्य कुनै कार्यालय वा कुनै सङ्कलन केन्द्रलाई समेत जनाउँछ।

(ठ) "सूत्र" भन्नाले महालेखा नियन्त्रक कार्यालयबाट स्थानीय तहको आर्थिक कारोबार व्यवस्थित गर्नको लागि सञ्चालित सूचना प्रविधिमा आधारित स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली सम्झनु पर्छ।

## परिच्छेद-२
## स्थानीय तह राजस्व व्यवस्थापन प्रणालीको प्रयोग

३. **राजस्व मोड्युलको प्रयोग गर्नुपर्ने:** स्थानीय तहले राजस्व निर्धारण, सङ्कलन, बैङ्क दाखिला, लेखाङ्कन तथा प्रतिवेदनका लागि राजस्व मोड्युलको प्रयोग गर्नुपर्नेछ।

४. **बैङ्क इन्टरफेस प्रयोग गर्नुपर्ने:** स्थानीय तहको राजस्वको कारोबार गर्ने बैङ्कले बैङ्क इन्टरफेस प्रयोग गरी स्थानीय तहको खातामा जम्मा गर्न प्राप्त राजस्व दाखिला भौचर प्रमाणित गरी राजस्व बुझ्ने, चेक वा ड्राफ्ट बुझ्ने, राजस्व दाखिला भौचर भराई करदाता वा सेवाग्राहीबाट नगद राजस्व र चेक वा ड्राफ्ट बुझ्ने, चेक वा ड्राफ्ट क्लियरिङ भएको व्यहोरा प्रविष्ट गर्ने, क्युआर कोडमार्फत राजस्व बुझ्ने र सोसँग सम्बन्धित अन्य कार्य गर्नुपर्नेछ।

५. **स्थानीय राजस्व पोर्टल प्रयोग गर्न सकिने:** करदाता वा सेवाग्राहीले कुनै स्थानीय तहको सेवा लिन पेस गर्नुपर्ने व्यक्तिगत वा संस्थागत विवरण अनलाइन प्रणालीबाट प्रविष्ट गर्न र स्थानीय तहको राजस्व अनलाइन प्रणालीबाट बुझाउनको लागि राजस्व पोर्टलको प्रयोग गर्न सक्नेछ। स्थानीय राजस्व पोर्टललाई महालेखा नियन्त्रक कार्यालयले नेपाल सरकारबाट स्वीकृत एक वा एकभन्दा बढी पेमेन्ट गेट-वे वा पेमेन्ट प्रोसेसर तथा अन्य विद्युतीय भुक्तानीका माध्यमबाटसमेत रकम बुझाउन सक्ने गरी आवद्ध गराउनेछ।

प्र.प.आ.पू. समिति बै.
निर्णय २०८१।१।२०

परिच्छेद-३

## राजस्व सङ्कलन र बैङ्क दाखिला

६. **विद्युतीय माध्यमबाट राजस्व सङ्कलन:** (१) स्थानीय तहले राजस्व पोर्टल वा क्यूआर कोड वा अन्य विद्युतीय माध्यममार्फत राजस्व सङ्कलन गर्ने वा गराउने कार्यलाई प्राथमिकता दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम क्यूआर कोडमार्फत राजस्व सङ्कलन गर्दा राजस्व मोड्युल, बैङ्क इन्टरफेस तथा राजस्व पोर्टलमा भौचर सिर्जना हुने गरी प्रणालीमा आवद्ध गर्नु पर्नेछ।

(३) बैङ्क इन्टरफेसमा सिर्जना हुने क्यूआर कोडमार्फत राजस्व दाखिला भएकोमा राजस्व दाखिला भौचरमा उल्लिखित कुनै विवरण संशोधन गर्नु परेमा दफा १६ को उपदफा (१) र (२) बमोजिमको प्रक्रियाबमोजिम संशोधन गर्न सकिनेछ ।

(४) राजस्व पोर्टलमा सिर्जना हुने क्यूआर कोडमार्फत राजस्व दाखिला भएकोमा राजस्व दाखिला भौचरमा उल्लिखित कुनै विवरण संशोधन गर्नु परेमा दफा १६ को उपदफा (३) बमोजिमको प्रक्रियाबमोजिम संशोधन गर्न सकिनेछ ।

७. **नगद राजस्व सङ्कलन:** (१) दफा ६ बमोजिम विद्युतीय माध्यमबाट राजस्व सङ्कलन गर्न सम्भव नभएको अवस्थामा नगदमा राजस्व सङ्कलन गर्न सकिनेछ। नगदमा राजस्व सङ्कलन गर्दा राजस्व आम्दानीको लागि स्वीकृत म.ले.प.फारामको ढाँचामा नगदी रसिद जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नगदको रूपमा राजस्व सङ्कलन गर्दा नगदमा रहने वित्तीय जोखिम न्यूनीकरण गर्न ऐनको दफा २८ बमोजिम बैङ्क दाखिला गर्नु वा गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नगदमा सङ्कलन गरिएको राजस्व बैङ्क दाखिला गर्दा राजस्व मोड्युलबाट निकालिएको राजस्व दाखिला भौचरसहित बैङ्क दाखिला गर्नु पर्नेछ।

८. **चेक वा ड्राफ्टमार्फत राजस्व सङ्कलन:** (१) स्थानीय तहले आफूले प्राप्त गर्नुपर्ने राजस्व करदाता वा सेवाग्राहीबाट चेक वा ड्राफ्टमार्फत समेत दाखिला गर्ने व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको चेक वा ड्राफ्ट प्राप्त गरेपश्चात् स्थानीय तहले राजस्व मोड्युलमा प्रविष्ट गरी चेक वा ड्राफ्ट बुझेको भरपाई राजस्व मोड्युलबाट निकाली करदाता वा सेवाग्राहीलाई उपलब्ध गराउनु पर्नेछ।

तर त्यस्तो चेक वा ड्राफ्ट बुझेको भरपाई सेवा लिने प्रयोजनको लागि मान्य हुने छैन।

(३) उपदफा (१) बमोजिम स्थानीय तहले सङ्कलन गरेको चेक वा ड्राफ्ट बैङ्कमा क्लियरेन्सको लागि पेस गर्न राजस्व मोड्युलबाट चेक बैङ्क दाखिला फाराम (डिपोजिट स्लिप) निकाली सो फारामसहित बैङ्कमा पेस गर्नु पर्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

म.प.औ.पू. समिति बै.
निर्णय२०७९।१।३०

(४) बैङ्कले बैङ्क इन्टरफेसमा उपदफा (३) बमोजिमको चेक बैङ्क दाखिला फाराम (डिपोजिट स्लिप) को नम्बर राखी एकमुष्ट रूपमा चेक वा ड्राफ्ट बुझ्न सक्नेछ। त्यसरी पेस भएको चेक वा ड्राफ्ट क्लियर भएपछि बैङ्कले बैङ्क इन्टरफेसमा सम्बन्धित चेक वा ड्राफ्टमा क्लियर भएको व्यहोरा जनाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम चेक वा ड्राफ्ट क्लियर भएपछि सिर्जना भएको राजस्व दाखिला भौचरको कारोबार सङ्केत बैङ्कले सम्बन्धित स्थानीय तह र राजस्व दाखिलाकर्तालाई उपलब्ध गराउनु पर्नेछ। त्यसरी उपलब्ध भएको कारोबार सङ्केतका आधारमा राजस्व दाखिला भौचरको आधारमा सम्बन्धित स्थानीय तहबाट सेवा लिन सकिनेछ।

९. **बैङ्क इन्टरफेसमार्फत राजस्व दाखिलाः** (१) करदाता वा सेवाग्राहीले स्थानीय तहको लागि राजस्व बुझाउँदा त्यस्तो स्थानीय तहको सरकारी कारोबार गर्ने बैङ्कको बैङ्क इन्टरफेस सञ्चालनमा रहेको जुनसुकै शाखामा राजस्व दाखिला भौचर भरी बुझाउन सक्नेछ। बैङ्कको शाखाले सोही बैङ्कको अन्य शाखाले कारोबार गर्ने स्थानीय तहको राजस्व खातामा जम्मा हुने गरी राजस्व बुझ्न सक्नेछ।

(२) बैङ्कले उपदफा (१) बमोजिम करदाता वा सेवाग्राहीले पेस गरेको राजस्व दाखिला भौचर बैङ्क इन्टरफेसमा प्रविष्ट गरी नगद, चेक वा ड्राफ्ट बुझिलिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम राजस्व दाखिला भौचर बैङ्क इन्टरफेसमा प्रविष्ट भएपछि नगद वा क्लियरिङ्ग गर्नु नपर्ने चेक वा ड्राफ्टको हकमा कारोबार सङ्केत सिर्जना हुनेछ।

(४) उपदफा (३) बमोजिम सिर्जना भएको कारोबार सङ्केत बैङ्कले राजस्व दाखिला भौचरमा लेखी सहीछाप गरी सेवाग्राहीलाई एक प्रति उपलब्ध गराउनु पर्नेछ। त्यसरी बैङ्कबाट उपलब्ध कारोबार सङ्केत प्रणालीमा भिडान गरी सम्बन्धित स्थानीय तहले सेवा दिन सक्नेछ।

(५) क्लियरिङ्ग गर्नु पर्ने चेक वा ड्राफ्टको हकमा क्लियरिङ्ग र सेवा प्रदान गर्नेसम्बन्धी अन्य व्यवस्था दफा ८ बमोजिम हुनेछ।

१०. **राजस्व पोर्टलः** (१) करदाता वा सेवाग्राहीले स्थानीय तहमा बुझाउनु पर्ने राजस्व रकम राजस्व पोर्टलबाट कर गणना गरी वा कर गणना नगरी दाखिला गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम राजस्व दाखिला गर्दा राजस्व पोर्टलबाट सिर्जना भएको राजस्व दाखिला भौचरको कारोबार सङ्केतको आधारमा पोर्टलमा उपलब्ध कुनै भुक्तानी विधिमार्फत कारोबार सङ्केत सिर्जना भएको रातको बाह्र बजे अघि नै भुक्तानी गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको कारोबार सङ्केतको आधारमा अन्य कुनै भुक्तानी विधि वा माध्यमबाट राजस्व भुक्तानी गर्न सकिने व्यवस्था महालेखा नियन्त्रक कार्यालयले मिलाउन सक्नेछ। त्यसरी भुक्तानी कार्य सम्पन्न भएको राजस्व दाखिला भौचरको आधारमा स्थानीय तहबाट सेवा लिन सक्नेछ।

(४) राजस्व पोर्टलमा करदाता वा सेवाग्राहीले आफ्नो व्यक्तिगत, संस्थागत वा व्यावसायिक विवरण अनलाइन रूपमा प्रविष्ट गर्न वा अद्यावधिक गर्न सक्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

म.प. आ.पू. समिति बै.
निर्णय २०७९।१।२०

(५) उपदफा (४) बमोजिम भरेको विवरणको आधारमा स्थानीय तहले आवश्यक जाँच गरी स्वीकृत गरेपछि सम्बन्धित करदाता वा सेवाग्राहीले करदाता सङ्केत अनलाइनबाट नै प्राप्त गर्न सक्नेछ।

(६) उपदफा (४) बमोजिम भरेको विवरणको सत्यताको जिम्मेवारी करदाता वा सेवाग्राही स्वयंको हुनेछ।

(७) राजस्व पोर्टलबाट राजस्व दाखिला गर्दा भुलवश बढी राजस्व दाखिला हुन गएमा राजस्व दाखिलाकर्ताले रकम दाखिला भएकै दिन दैनिक कारोबार बन्द (डे क्लोज) हुनुअगावै त्यसरी बढी दाखिला भएको रकम फिर्ताको लागि दिएको निवेदनको आधारमा सम्बन्धित बैङ्क शाखाले सम्बन्धित स्थानीय तहको राजस्व खातालाई घटाइ (डेबिट गरी) त्यस्तो रकम राजस्व दाखिलाकर्ताको बैङ्क खातामा जम्मा गरिदिनु पर्नेछ र सोही व्यहोरा बैङ्क इन्टरफेसमा समेत जनाउनु पर्नेछ।

(८) राजस्व पोर्टलबाट सिर्जित राजस्व दाखिला भौचरमा रकमबाहेक कुनै विवरण संशोधन गर्नु परेमा राजस्व पोर्टलमा निवेदन दिइ सो निवेदनको आधारमा रकम जम्मा भएको बैङ्क शाखाले त्यस्तो राजस्व दाखिला भौचरमा उल्लिखित विवरण संशोधन गरी स्वीकृत गर्नु पर्नेछ।

(९) दफा १६ को उपदफा (३) बमोजिमको प्रक्रियाबमोजिम समेत त्यस्तो राजस्व दाखिला भौचरमा उल्लिखित विवरण संशोधन गर्न सक्नेछ।

(१०) राजस्व पोर्टलमार्फत राजस्व दाखिला गर्दा स्थानीय तह फरक पर्न गएमा स्थानीय तह परिवर्तनको लागि दाखिलाकर्ताले राजस्व पोर्टलमा निवेदन दिन सक्नेछ। त्यस्तो निवेदनको आधारमा रकम जम्मा भएको बैङ्क शाखाले सो राजस्व दाखिला भौचरको रकम सम्बन्धित स्थानीय तहको खातामा स्थानान्तरण गरी दफा १७ बमोजिम बैङ्क इन्टरफेसमा त्यस्तो राजस्व दाखिला भौचरको स्थानीय तह परिवर्तन वा अन्तरस्थानीय तह भौचर हस्तान्तरण गरिदिनु पर्नेछ।

(११) रकम दाखिला भएको आर्थिक वर्षभित्र उपदफा (१०) बमोजिम स्थानीय तह परिवर्तन वा अन्तर स्थानीय तह भौचर हस्तान्तरण हुन नसकेमा दफा २७ बमोजिम राजस्व फिर्ताको कारवाही चलाउनु पर्नेछ।

११. <u>क्यूआर कोड तथा कारोबार सङ्केतको अवधि:</u> राजस्व मोड्युल, बैङ्क इन्टरफेस र राजस्व पोर्टलबाट सिर्जना हुने क्यूआर कोड तथा राजस्व दाखिला भौचरमा उल्लिखित कारोबार सङ्केतको अवधि सो सिर्जना भएको रातको बाह्र बजेसम्म रहनेछ। सो समयपश्चात् त्यस्तो क्यूआर कोड तथा कारोबार सङ्केत प्रयोग गरी राजस्व दाखिला गर्न सकिने छैन।

तर, स्थानीय तहले सङ्कलन गरेको नगदको लागि राजस्व मोड्युलबाट सिर्जना भएको राजस्व दाखिला भौचरको कारोबार सङ्केतको हकमा त्यस्तो समयसीमा लागू हुने छैन।

१२. <u>राजस्व मोड्युलबाट आम्दानी रसिद जारी गर्नु पर्ने:</u> (१) स्थानीय तहले राजस्व सङ्कलन गर्दा राजस्व शीर्षकलाई आवश्यकतानुसार राजस्व क्रियाकलाप तथा सहायक क्रियाकलापमा विभाजन गरी राजस्व मोड्युलबाट आम्दानी रसिद जारी गर्नु पर्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार काठमाडौं

म.प.आ.पू. स्वीकृति बै.
निर्णय २०८१।१।२०

स्पष्टीकरणः यस उपदफाको प्रयोजनको लागि "राजस्व क्रियाकलाप तथा सहायक क्रियाकलाप" भन्नाले राजस्व पहिचान र सङ्कलनमा सहजता ल्याउन राजस्व शीर्षकको व्याख्याबमोजिम राजस्व शीर्षकलाई विभाजन गरी निर्धारण गरिएको समूह तथा उपसमूह सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम जारी गरिएको आम्दानी रसिदको एकप्रति करदाता वा सेवाग्राहीलाई दिइ एक प्रति कार्यालयमा अभिलेख राखी त्यस्तो आम्दानी रसिदको आधारमा सेवा दिने व्यवस्था गर्नु पर्नेछ।

१३. **आम्दानी रसिद रद्द गर्न सकिनेः** (१) कुनै त्रुटि भएको वा भुलवश राजस्व मोड्युलमा प्रविष्ट भएको आम्दानी रसिद रद्द गर्नुपर्ने भएमा रकम दाखिला भएको आर्थिक वर्षभित्र सङ्कलन केन्द्रले राजस्व मोड्युलमा रसिद रद्द गर्नुपर्ने आधार तथा कारणसहित रसिद रद्दको अनुरोध प्रविष्ट गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रद्द गर्नुपर्ने आम्दानी रसिदको आम्दानी गोश्वारा भौचर तयार भइसकेको अवस्थामा सोको रिभर्स भौचरसमेत तयार गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम रसिद रद्दको लागि अनुरोध प्राप्त भएकोमा उल्लिखित आधार तथा कारण मनासिब देखिएमा स्थानीय तहको राजस्व प्रशासन प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले राजस्व मोड्युलमा आम्दानी रसिद रद्द गर्न सक्नेछ।

१४. **राजस्व दाखिला भौचर रद्द गर्न सकिनेः** राजस्व मोड्युलबाट निकालिएको कुनै राजस्व दाखिला भौचर त्रुटिवश तयार भएको भएमा त्यस्तो राजस्व दाखिला भौचर र सोको आम्दानी गोश्वारा भौचर रद्द गर्न सकिनेछ ।

तर, बैङ्कबाट प्रमाणित भइसकेको राजस्व दाखिला भौचर रद्द गर्न सकिने छैन।

१५. **राजस्व दाखिला भएको मिति मानिनेः** साधारण चेक वा ड्राफ्टको सम्बन्धमा बैङ्क इन्टरफेसमा चेक वा ड्राफ्ट क्लियर भएको मितिलाई राजस्व दाखिला भएको मिति मानिनेछ।

तर, बैङ्कले प्रत्याभूति दिएको चेक वा गुड फर पेमेन्टको हकमा बैङ्क इन्टरफेसमा सो चेक क्लियर भएपछि स्थानीय तह वा बैङ्क शाखामा चेक पेस भएको मितिलाई नै राजस्व दाखिला मिति मानिनेछ।

१६. **राजस्व दाखिला भौचर संशोधन गर्नेः** (१) बैङ्क शाखाले दैनिक कारोबार बन्द (डे क्लोज) गर्ने व्यवस्था भएकोमा त्यसो गर्नु अगाडि वा रातको बाह्र बजे अगाडि सोही दिनको राजस्व दाखिला भौचरमा कारोबार सङ्केत र भौचर मितिबाहेक अन्य विवरण संशोधन गर्नुपर्ने भएमा सेवाग्राहीले अनुसूची-२ बमोजिम दिएको निवेदनको आधारमा रकम बुझिलिने बैङ्क शाखाले बैङ्क इन्टरफेसमा प्रविष्ट गरी संशोधन गर्न सक्नेछ। बैङ्कबाट भएको त्रुटि सच्याउने प्रयोजनको लागि सेवाग्राहीको निवेदनविना पनि बैङ्क शाखाले सोही व्यहोरा जनाइ त्यस्तो संशोधन गर्न सक्नेछ।

तर, सेवा लिइसकेको राजस्व दाखिला भौचरलाई बैङ्क शाखाबाट संशोधन गर्न सकिने छैन।

(२) राजस्व दाखिला भौचरको रकम संशोधन गर्नुपर्ने अवस्थामा विशेष परिस्थिति परी वा प्राविधिक समस्याको कारण उपदफा (१) बमोजिम राजस्व दाखिला भएको दिनमा

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

म.प. आ.पू. समिति बै.
निर्णय २०८१।१।२०

बैङ्क शाखाले रकम संशोधन गर्न नसकेमा त्यस्तो विशेष परिस्थिति वा प्राविधिक समस्याको अवधि व्यतित भइसकेपछि बैङ्कको केन्द्रीय कार्यालय र महालेखा नियन्त्रक कार्यालयको अनुमति लिइ बैङ्क शाखाले बैङ्क इन्टरफेसमा त्यस्तो राजस्व दाखिला भौचरको रकम संशोधन गर्न सक्नेछ। बैङ्क इन्टरफेस तथा राजस्व मोड्युलमा त्यस्तो संशोधन स्वतः समायोजन हुनेछ। कोर बैङ्किङ प्रणालीमा बैङ्क शाखाले आवश्यक समायोजन गर्नेछ।

(३) स्थानीय तहले सेवा दिनु अगावै राजस्व दाखिला भौचरमा रहेका देहायका विवरण राजस्व मोड्युलमा प्रविष्ट गरी संशोधन गर्न सक्नेछः-

(क) राजस्व शीर्षक नम्बर,
(ख) वडा, कार्यालय वा सङ्कलन केन्द्र,
(ग) करदाता वा सेवाग्राहीको नाम, ठेगाना,
(घ) करदाताको स्थायी लेखा नम्बर।

(४) उपदफा (३) बमोजिमको संशोधित विवरणको अभिलेख बैङ्क इन्टरफेस वा राजस्व पोर्टलमा संशोधन हुनुको साथै र प्रणालीमा स्वतः समायोजन हुनेछ।

१७. **अन्तर स्थानीय तह भौचर हस्तान्तरणः** (१) स्थानीय तहको कारोबार गर्ने बैङ्कको कुनै शाखाले स्थानीय तहको राजस्व बुझ्दा त्रुटिवश एक स्थानीय तहमा दाखिला हुनुपर्ने राजस्व अर्को स्थानीय तहमा दाखिला भएमा दाखिलाकर्ताले सम्बन्धित बैङ्कमा अनुसूची-३ बमोजिम निवेदन दिएमा रकम बुझिलिने बैङ्क शाखाले रकम दाखिला भएकै दिन स्थानीय तह परिवर्तन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तह परिवर्तन हुन नसकेमा त्यस्तो भौचर एक स्थानीय तहबाट अर्को स्थानीय तहमा हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कबाट भएको त्रुटि सच्याउने प्रयोजनको लागि सेवाग्राहीको निवेदन बिना पनि बैङ्क शाखाले सोही व्यहोरा जनाइ राजस्व दाखिला भौचरको स्थानीय तह परिवर्तन वा अन्तर स्थानीय तह हस्तान्तरण गर्न सक्नेछ।

(४) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा लिइसकेको राजस्व दाखिला भौचरको स्थानीय तह परिवर्तन वा अन्तर स्थानीय तह हस्तान्तरण हुन सक्ने छैन।

(५) उपदफा (२) बमोजिम अन्तर स्थानीय तह भौचर हस्तान्तरण गरिएको अवस्थामा रकम बुझ्ने बैङ्क शाखाले बैङ्क इन्टरफेसको दैनिक कारोबार बन्द (डे क्लोज) प्रतिवेदनको आधारमा सम्बन्धित स्थानीय तहको राजस्व खातामा रकम जम्मा तथा खर्च गरी हिसाब मिलान गर्नुपर्नेछ। अन्तर स्थानीय तह भौचर हस्तान्तरणबाट राजस्व मोड्युलमा स्वतः समायोजन हुनेछ।

(६) उपदफा (२) बमोजिम यस्तो अन्तर स्थानीय तह भौचर हस्तान्तरण जुन आर्थिक वर्षको राजस्व दाखिला भौचर हो सोही आर्थिक वर्षभित्र गरिसक्नु पर्नेछ। त्यसरी सोही आर्थिक वर्षभित्र भौचर हस्तान्तरण हुन नसकेमा दफा २७ बमोजिम राजस्व फिर्ताको कारवाही चलाउनु पर्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय सिंहदरबार, काठमाडौं

प्र. प. आ. पु. समिति बै.
निर्णय २०८२।१।२०

१८. **दैनिक कारोबार बन्द (डे क्लोज) को व्यवस्था:** (१) बैङ्कको केन्द्रीय कार्यालयले आफ्नो अन्तर्गतको कुनै वा सबै बैङ्क शाखाको लागि बैङ्क इन्टरफेसमा म्यानुअल दैनिक कारोबार बन्द (डे क्लोज) को व्यवस्था गर्न सक्नेछ। त्यस्तो व्यवस्था नभएकोमा रातको बाह्र बजेपछि बैङ्क इन्टरफेसमा स्वत: दैनिक कारोबार बन्द (डे क्लोज) भएको मानिनेछ।

(२) बैङ्क इन्टरफेसको दैनिक कारोबार बन्द (डे क्लोज) प्रतिवेदनको आधारमा राजस्व बुझिलिने बैङ्क शाखाले सम्बन्धित स्थानीय तहको सम्बन्धित राजस्व खातामा राजस्व रकम जम्मा गरिदिनु पर्नेछ। त्यसरी प्रविष्ट गर्दा बैङ्क इन्टरफेसको एपीआई प्रयोग गर्न सक्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "एपीआई" भन्नाले सूत्र प्रणालीमा आवद्ध गरिएको राजस्व मोड्युल, सोको बैङ्क इन्टरफेस वा स्थानीय तह राजस्व पोर्टलको विवरण समावेश भएको एप्लिकेसन प्रोग्राम इन्टरफेस (एपीआई) सम्झनु पर्छ र सो शब्दले त्यस्तो राजस्व मोड्युल, बैङ्क इन्टरफेस वा राजस्व पोर्टलसँग जोडिने बैङ्क, नेपाल क्लियरिङ्ग हाउस वा अन्य निकायबाट सञ्चालित प्रणालीको विवरण समावेश भएको एप्लिकेसन प्रोग्राम इन्टरफेसलाई समेत जनाउँछ।

१९. **भौचर हराएमा वा नष्ट भएमा प्रतिलिपि दिने:** (१) करदाता वा सेवाग्राहीले कुनै कार्यालयको नामबाट स्थानीय तहको राजस्व खातामा जम्मा गरेको रकमको भौचर हराएमा वा नष्ट भएमा वा चोरी भएमा जुन स्थानीय तहको नामबाट रकम जम्मा भएको हो सोही स्थानीय तहको सम्बन्धित सङ्कलन केन्द्रमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेस भएको निवेदनको आधारमा सम्बन्धित स्थानीय तहको सङ्कलन केन्द्रले त्यस्तो भौचर अगाडि नै पेस भइसकेको छ वा छैन अभिलेखबाट जाँच गरी स्थानीय तहमा पेस नभएको र सेवासमेत प्रदान नभएको देखिए सम्बन्धित बैङ्क शाखालाई सोही व्यहोराको लिखित जानकारी गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जानकारी प्राप्त भएपछि स्थानीय तहको राजस्व खातामा निवेदनकर्ताबाट सो रकम जम्मा भए वा नभएको यकिन गरी बैङ्क इन्टरफेसमा भएको अभिलेखको आधारमा रकम बुझिलिने बैङ्क शाखाले प्रतिलिपि भौचर तयार गरी करदाता वा सेवाग्राहीलाई उपलब्ध गराउनु पर्नेछ।

२०. **राजस्व दाखिला भौचरको अवधि:** लगती राजस्वको लागि बैङ्क इन्टरफेसमा सिर्जना भएको राजस्व दाखिला भौचरबाट करदाता वा सेवाग्राहीले सम्बन्धित स्थानीय तहमा पेस गरी जहिलेसुकै सेवा लिन र कर वा दायित्व फरफारक गर्न वा गराउन सक्नेछ।

तर, हसबली प्रकृतिको राजस्व दाखिला भौचरको म्याद एक वर्षको हुनेछ।

२१. **स्थानीय तहमा दाखिला भएको मानिने:** (१) करदाता वा सेवाग्राहीले स्थानीय तहको लागि राजस्व दाखिला गर्दा बैङ्क इन्टरफेस वा राजस्व पोर्टल वा क्युआर कोडमार्फत दाखिला गरेमा वा राजस्व पोर्टलबाट सिर्जना हुने कारोबार सङ्केतको आधारमा अन्य कुनै माध्यमबाट भुक्तानी गरेमा सम्बन्धित स्थानीय तहमा भुक्तानी भएको मानिनेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

प्र. प. आ. पु. समिति बै. निर्णय २०८१।१।२०

(२) स्थानीय तहले करदाता वा सेवाग्राहीलाई प्रचलित कानूनबमोजिमको सेवा सुविधा प्रदान गर्दा उपदफा (१) बमोजिम भएको भुक्तानी मितिको आधारमा राजस्व दाखिला भौचरको मिति कायम हुनेछ।

(३) उपदफा (१) को प्रयोजनको लागि स्थानीय तहले राजस्व मोड्युलमा त्यस्तो राजस्व दाखिला भौचरको कारोबार सङ्केत प्रविष्ट गरी आम्दानी रसिद जारी गर्नु पर्नेछ।

२२. **प्राविधिक त्रुटि समायोजनः** (१) राजस्व मोड्युल, बैङ्क इन्टरफेस तथा राजस्व पोर्टलबाट सिर्जना भएको क्यूआर कोड तथा कारोबार सङ्केतको आधारमा अनलाइन भुक्तानी गर्दा प्राविधिक त्रुटिको कारण करदाता वा सेवाग्राहीको खाताबाट रकम घटेको (डेबिट भएको) तर स्थानीय तहको राजस्व खातामा रकम जम्मा (क्रेडिट) नभएको अवस्थामा बैङ्क, पेमेन्ट गेट-वे तथा भुक्तानी सेवा प्रदायकले आपसी समन्वय गरी यस्तो क्रेडिट फेलियर भएको रकम रिभर्स गरी सोही करदाता वा सेवाग्राहीको खातामा जम्मा गरिदिनु पर्नेछ।

(२) राजस्व मोड्युल, बैङ्क इन्टरफेस तथा राजस्व पोर्टलबाट सिर्जना भएको क्यूआर कोड तथा कारोबार सङ्केतको आधारमा अनलाइन भुक्तानी गर्दा प्राविधिक त्रुटिको कारण करदाता वा सेवाग्राहीको खाताबाट रकम घटेको (डेबिट भएको) र स्थानीय तहको राजस्व खातामा रकम जम्मा (क्रेडिट) भएको तर सो राजस्व दाखिला भौचरमा 'भुक्तानी भएको' भनी नजनिएको अवस्थामा बैङ्क, पेमेन्ट गेट-वे तथा भुक्तानी सेवा प्रदायकले आपसी समन्वय गरी त्यस्तो राजस्व दाखिला भौचरलाई 'भुक्तानी भएको' भनी जनाइदिनु पर्नेछ र स्थानीय तहले सो भौचरबाट नियमानुसार सेवा प्रदान गर्नु पर्नेछ।

(३) राजस्व मोड्युल, बैङ्क इन्टरफेस तथा राजस्व पोर्टलबाट सिर्जना भएको क्यूआर कोड तथा कारोबार सङ्केतको आधारमा अनलाइन भुक्तानी गर्दा प्राविधिक त्रुटिको कारण करदाता वा सेवाग्राहीको खाताबाट एउटै कारोबारको लागि दुई वा सोभन्दा बढी पटक रकम घट्न गई स्थानीय तहको राजस्व खातामा दुई वा सोभन्दा बढी पटक रकम दाखिला भएमा बैङ्कले कोर बैङ्किङ प्रणालीमा रिभर्स गरी एक पटकभन्दा बढी जम्मा भएको रकम करदाता वा सेवाग्राहीको खातामा जम्मा गरिदिनु पर्नेछ।

## परिच्छेद-४

## राजस्व लेखाङ्कन, प्रतिवेदन र हिसाब भिडान

२३. **सङ्कलन केन्द्रमा राजस्वको लेखाङ्कन गर्नुपर्नेः** (१) स्थानीय तहको प्रत्येक सङ्कलन केन्द्रमा सङ्कलन भएको राजस्वको नेपाल सरकारको प्रचलित लेखा प्रणालीबमोजिम लेखाङ्कन गर्नु पर्नेछ। त्यसरी गरिएको लेखाङ्कनको अतिरिक्त स्थानीय तहको कार्यपालिकाको कार्यालयले राजस्व खाताकोसमेत लेखाङ्कन गर्नु पर्नेछ।

(२) दफा २६ बमोजिम अग्रिम रूपमा प्राप्त राजस्व रकमको विवरण स्पष्ट खुल्ने गरी लेखा राख्नु पर्नेछ।

(३) बैङ्क इन्टरफेसमा दफा १८ बमोजिम दैनिक कारोबार बन्द (डे क्लोज) भएपछि सो दिन स्थानीय तहमा पेस नभएको राजस्व दाखिला भौचर राजस्व मोड्युलमा स्वतः आम्दानी बाँधिनेछ। त्यसरी आम्दानी बाँधिएका भौचरबाट पछि सेवा दिन सक्नेछ।

म.प.आ.पू. समिति बै.
निर्णय २०८१।१।२०

(४) नेपाल सरकारको प्रचलित लेखाप्रणाली बमोजिम लेखाङ्कन भइ सोको आधारमा तयार भएको प्रतिवेदन सङ्कलन केन्द्रले स्थानीय तहको कार्यपालिकाको कार्यालयमा सो कार्यालयले तोकेबमोजिम पेस गर्नु पर्नेछ।

२४. <u>राजस्वको हिसाब भिडान गर्नुपर्ने</u>: (१) स्थानीय तहको प्रत्येक सङ्कलन केन्द्रले बैङ्क इन्टरफेसमा जम्मा भएको राजस्वको प्रतिवेदन नियमित रूपमा भिडाइ आफ्नो राजस्वको हिसाब यकिन गर्नु पर्नेछ।

(२) स्थानीय तहको कार्यपालिकाको कार्यालयले राजस्व मोड्युलको प्रतिवेदन, बैङ्क इन्टरफेसमा जम्मा भएको राजस्वको प्रतिवेदन र बैङ्क खाताको स्टेटमेण्ट नियमित रूपमा भिडाइ स्थानीय तहको राजस्वको हिसाब यकिन गर्नु पर्नेछ।

## परिच्छेद-५
## <u>विविध</u>

२५. <u>रुपियाँमा राजस्व सङ्कलन गरिने</u>: राजस्व मोड्युल तथा राजस्व पोर्टलमा राजस्व गणना गर्दा आउने चानचुन पैसालाई पचास पैसा वा सोभन्दा बढी उनान्सय पैसासम्म भएमा सो पैसाको सट्टामा गणना भएको राजस्व रकममा एक रुपियाँ कायम गरी र पचास पैसाभन्दा कमको चानचुन पैसालाई राजस्व रकमबाट हटाइ रुपियाँमा राजस्व सङ्कलन गरिनेछ।

२६. <u>अग्रिम राजस्व दाखिला गर्न सकिने</u>: (१) कुनै राजस्व अग्रिम रूपमा सङ्कलन गर्न सकिने गरी स्थानीय तहले कानूनी व्यवस्था गरेको अवस्थामा अग्रिम राजस्व दाखिला गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अग्रिम राजस्व दाखिला गर्दा चालु आर्थिक वर्षको वा एकभन्दा बढी आर्थिक वर्षको राजस्व अग्रिम रूपमा दाखिला गर्न सक्नेछ।

(३) स्थानीय तहमा राजस्व दाखिला गर्दा तिर्नु वा बुझाउनु पर्ने भन्दा बढी दाखिला भएमा त्यसरी बढी दाखिला भएको राजस्वसमेत अग्रिम राजस्वको रूपमा कायम गर्न सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम अग्रिम राजस्व दाखिला भएकोमा पछि त्यस्तो अग्रिम राजस्व समायोजन गर्दा राजस्वको पुरानै दररेट वा राजस्वको नयाँ दररेटबमोजिम गर्ने सम्बन्धमा प्रचलित कानूनको आधारमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ।

२७. <u>राजस्व रकम फिर्ता गर्न सकिने</u>: (१) देहायको अवस्थामा स्थानीय तहको राजस्व खातामा दाखिला भएको रकम दाखिलाकर्तालाई फिर्ता गर्न सकिनेछः-

(क) दफा १० को उपदफा (११) वा दफा १७ को उपदफा (६) बमोजिम अन्तर स्थानीय तह हस्तान्तरण गर्नुपर्ने राजस्व दाखिला भौचरको रकम दाखिला भएको आर्थिक बर्षमा सम्बन्धित स्थानीय तहमा हस्तान्तरण हुन नसकेको,

(ख) अन्य खातामा जम्मा गर्नुपर्ने रकम राजस्व खातामा जम्मा भएको,

(ग) तिर्नु बुझाउनु पर्ने भन्दा बढी राजस्व रकम भुलवश दाखिला भएको,

(घ) प्रचलित कानूनबमोजिम फिर्ता गर्नुपर्ने भएको।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

म.प.आ.पू. समिति बै.
निर्णय २०७९।१।२०

(२) उपदफा (१) बमोजिम राजस्व फिर्ता माग गर्दा करदाता वा सेवाग्राहीले प्रमाणसहित सम्बन्धित स्थानीय तहमा अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सेवाग्राहीको निवेदन पेस भएमा सम्बन्धित स्थानीय तहले उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको राजस्व दाखिला भौचरको सम्बन्धमा त्यस्तो भौचरबाट सेवा नलिएको र खण्ड (ग) बमोजिमको राजस्व दाखिला भौचरका सम्बन्धमा त्यस्तो भौचरबाट करदाता वा सेवाग्राहीले बुझाउनुपर्ने भन्दा बढी राजस्व बुझाएको व्यहोरा यकिन तथा आवश्यक छानबिन गरी राजस्व फिर्ता गर्नुपर्ने पुष्टि हुन आएमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट राजस्व फिर्ता गर्ने निर्णय गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम निर्णय भएपछि राजस्व फिर्ताको लागि विनियोजित बजेटबाट खर्च लेखी सम्बन्धित करदाता वा सेवाग्राहीलाई राजस्व रकम फिर्ता गर्नु पर्नेछ।

(५) यस दफाबमोजिम राजस्व फिर्ताको कारबाहीलाई महालेखा नियन्त्रक कार्यालयले राजस्व पोर्टलमार्फत अनलाइन रूपमा व्यवस्थापन गर्ने गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

२८. **प्रणाली अवरुद्ध भएको अवस्थामा राजस्व बुझ्न सकिने:** (१) राजस्व मोड्युलमार्फत स्थानीय तहले राजस्व सङ्कलन गर्दा विशेष परिस्थिति वा प्राविधिक समस्याका कारण प्रणाली अवरुद्ध हुन गएमा स्थानीय तहले प्रणाली बाहिर आम्दानी रसिद काटी राजस्व सङ्कलन गर्न सक्नेछ। त्यसरी काटिएको आम्दानी रसिद प्रणाली सञ्चालनमा आएपछि आम्दानी रसिदको मिति सहित राजस्व मोड्युलमा प्रविष्ट गर्नु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि राजस्व मोड्युलमा अफलाइन रसिद प्रविष्टिको लागि सङ्कलन केन्द्रबाट स्थानीय तहमा अनुमतिको लागि लेखी आएमा स्थानीय तहको कार्यपालिकाको कार्यालयले निश्चित अवधि तोकी रसिद प्रविष्टिको अनुमति दिनु पर्नेछ। त्यसरी स्थानीय तहबाट प्रदान भएको अनुमतिको अवधि सकिएपछि राजस्व मोड्युलमा अफलाइन रसिद प्रविष्ट गर्ने व्यवस्था स्वतः निष्क्रिय हुनेछ।

२९. **बैङ्क शाखाले राजस्वको प्रतिवेदन गर्नुपर्ने:** बैङ्क इन्टरफेसबाट अनुसूची-५ को ढाँचामा शीर्षकगत राजस्वको मासिक विवरणसहितको प्रतिवेदन तयार गरी बैङ्कस्थित राजस्व खातासँग भिडाई सम्बन्धित स्थानीय तह, सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्कमा महिना समाप्त भएको सात दिनभित्र पठाउनु पर्नेछ।

३०. **सङ्क्रमणकालीन व्यवस्था:** (१) सूत्र राजस्व मोड्युल प्रयोग गर्न बाँकी स्थानीय तहबाट गरिने राजस्व दाखिलाको लागिसमेत राजस्व दाखिला भौचर भराइ बैङ्कले दफा ९ को प्रक्रियाबाट नगद, चेक वा ड्राफ्ट बुझिलिनु पर्नेछ।

(२) यो निर्देशिका प्रारम्भ भएपश्चात् कुनै स्थानीय तहले राजस्व मोड्युलभन्दा फरक सफ्टवेयर प्रयोग गरी राजस्व व्यवस्थापनको कार्य गर्दै आएको भए यो निर्देशिका प्रारम्भ भएको मितिले एक वर्षभित्र साबिकको सफ्टवेयरको तथ्याङ्कलाई महालेखा नियन्त्रक कार्यालयको समन्वयमा राजस्व मोड्युलमा स्थानान्तरण गरी प्रयोगमा ल्याउनु पर्नेछ।

(३) यो निर्देशिका प्रारम्भ भएपश्चात् कुनै स्थानीय तहले राजस्व मोड्युलको पूर्ण प्रयोगमार्फत राजस्व निर्धारण गरी सङ्कलन र लेखाङ्कन कार्य गर्न कठिनाइ भएमा उपदफा

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

(२) बमोजिमको अवधिसम्मको लागि राजस्व सङ्कलन, लेखाङ्कन, बैङ्क दाखिला तथा प्रतिवेदन कार्यका लागि राजस्व मोड्युलको आंशिक रूपमा प्रयोग गरी अन्य कार्य राजस्व मोड्युल बाहिरबाटै गर्न सक्नेछ।

३१. **राजस्व खाता प्रणालीमा आवद्ध गराउन सकिनेसम्बन्धी व्यवस्थाः** महालेखा नियन्त्रक कार्यालयले स्थानीय तहको आन्तरिक राजस्व खाता र विभाज्य कोष खाताका अतिरिक्त आन्तरिक अनुदान खाता, बाँडफाँटबाट प्राप्त राजस्व खातालगायतका अन्य प्राप्ति खातालाई राजस्व मोड्युललगायतका प्रणालीमा क्रमशः समावेश गराउन सक्नेछ।

३२. **राजस्व कारोबारको अनुगमनः** (१) स्थानीय तहको कार्यपालिकाको कार्यालयले राजस्व मोड्युल, बैङ्क इन्टरफेस र बैङ्कबाट प्रतिवेदन प्राप्त गरी आफ्नो र मातहतका सङ्कलन केन्द्रको राजस्व सङ्कलन तथा बैङ्क दाखिलाको नियमित रूपमा अनुगमन गरी समयमा राजस्व बैङ्क दाखिला गर्ने वा गराउने प्रबन्ध गर्नु वा गराउनु पर्नेछ।

(२) बैङ्कको केन्द्रीय कार्यालयले बैङ्क इन्टरफेसबाट प्रतिवेदन प्राप्त गरी आफू मातहतका बैङ्क शाखाले स्थानीय तहको लागि बैङ्क इन्टरफेसमार्फत गरेको राजस्व सङ्कलन र सोबमोजिम बैङ्कको कोर बैङ्किङ प्रणालीमा गरेको दाखिलाको नियमित रूपमा अनुगमन गर्नु वा गराउनु पर्नेछ।

(३) कोष तथा लेखा नियन्त्रक कार्यालयले आफ्नो क्षेत्राधिकारभित्रको स्थानीय तहको राजस्व मोड्युल, बैङ्क इन्टरफेस र राजस्व पोर्टल सञ्चालन सम्बन्धमा नियमित रूपमा अनुगमन गरी ती प्रणाली सञ्चालनमा सहजीकरण गर्ने, कुनै समस्या भएमा सोको जिल्लास्तरबाटै समाधान गर्ने र सो सम्भव नभएमा महालेखा नियन्त्रक कार्यालयमा प्रेषित गर्ने कार्य गर्नेछ।

(४) महालेखा नियन्त्रक कार्यालयले राजस्व मोड्युल, बैङ्क इन्टरफेस र राजस्व पोर्टल सञ्चालन सम्बन्धमा नियमित रूपमा अनुगमन गरी देखिएका समस्या समाधान गर्नुका साथै प्रणाली सञ्चालनमा आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

३३. **प्रणालीको प्रयोगकर्ता व्यवस्थापनः** (१) सूत्रको स्थानीय तह एडमिनिस्ट्रेटर युजर सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत आफैंले वा निजले तोकेको सो स्थानीय तहको कर्मचारीले सञ्चालन गर्नेछ।

(२) स्थानीय तह एडमिनिस्ट्रेटरले राजस्व मोड्युलको राजस्व प्रशासन प्रमुखको र राजस्व प्रशासन प्रमुखले राजस्व सङ्कलनकर्ताको प्रयोगकर्ता सिर्जना गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम राजस्व मोड्युलको प्रयोगकर्ता सिर्जना हुन नसकेको भनी सम्बन्धित स्थानीय तहबाट सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा लेखी आएमा कोष तथा लेखा नियन्त्रक कार्यालयले राजस्व मोड्युलको प्रयोगकर्ता सिर्जना गरिदिनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम समेत राजस्व मोड्युलको प्रयोगकर्ता सिर्जना हुन नसकी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लेखी आएमा महालेखा नियन्त्रक कार्यालयले राजस्व मोड्युलको प्रयोगकर्ता सिर्जना गरिदिन सक्नेछ।

म. प. आ. पू. समिति बै.
निर्णय २०७१।१।२०

(५) बैङ्क इन्टरफेसमा बैङ्कको केन्द्रीय कार्यालयको लागि महालेखा नियन्त्रक कार्यालयले र बैङ्क शाखाका लागि बैङ्क इन्टरफेसमा बैङ्कको केन्द्रीय कार्यालयको प्रयोगकर्ताले सुपरभाइजर र सामान्य प्रयोगकर्ता सिर्जना गर्न सक्नेछ।

(६) प्रयोगकर्तासम्बन्धी अन्य व्यवस्था प्रणाली सुरक्षा र प्रणाली प्रयोगको सहजतालाई मध्यनजर गरी महालेखा नियन्त्रक कार्यालयले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ।

३४. **आवश्यक व्यवस्था गर्न सक्ने:** (१) यस निर्देशिकाको कार्यान्वयनमा कठिनाइ वा बाधा उत्पन्न भएमा महालेखा नियन्त्रक कार्यालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) राजस्व मोड्युलमा आवश्यक उपप्रणाली तथा विशेषता थप गर्ने, मोड्युलको प्रयोगकर्ता पुस्तिका तयार गर्ने तथा सो मोड्युलको प्रयोगसम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

३५. **अनुसूचीमा हेरफेर:** महालेखा नियन्त्रक कार्यालयले यो निर्देशिकाको अनुसूचीमा आवश्यकतानुसार हेरफेर गर्न सक्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

म·प·आ·पू· समिति बै·
निर्णय २०८१।१।२०

बैङ्कको छाप

# अनुसूची-१

(दफा २ को खण्ड (च) सँग सम्बन्धित)

## स्थानीय तहको राजस्व दाखिला फाराम

.................... बैङ्क लि. .................

शाखा कार्यालय.......................

## स्थानीय तहको राजस्व दाखिला भौचर (Deposit Slip)

दाखिला फाराम नं. ................मितिः ...../...../...

जिल्लाः ........................

स्थानीय तहको नामः ..........................................

वडा नं./कार्यालय/सङ्कलन केन्द्रः ....................

राजस्व खाता रहेको बैङ्क शाखाः ........................

स्थानीय तहको बैङ्क खाता नं.- ..........................

बैङ्क खाताको नामः ..........................................

| नोटको विवरण | गणना | रकम |
|---|---|---|
| १००० | | |
| ५०० | | |
| १०० | | |
| ५० | | |
| २० | | |
| १० | | |
| ५ | | |
| २ | | |
| सिक्का | | |
| जम्मा | | |

| क.सं. | राजस्व शीर्षक नं. | प्रयोजन | दाखिला रकम रु. | आय वर्ष |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | कुल जम्मा | | | |

जम्मा रकम अक्षरमाः ..................................................................................................

भुक्तानीको प्रकारः- नगद/साधारण चेक/गुड फर पेमेन्ट चेक/ड्राफ्ट/विद्युतीय ट्रान्सफर/क्यु आर/अन्य।

चेक/ड्राफ्ट नं.

जारी गर्ने बैङ्क र शाखाः

करदाता/सेवाग्राहीको नामः

ठेगाना/फोन नं.

भ्याट/पान नं.

रकम दाखिला गर्नेको सही ............

नामः ..........................................

सम्पर्क नं. ................................

**बैङ्कले भर्ने:**

| | | | |
|---|---|---|---|
| कारोबारको सङ्केत नं. | | मिति | ........... |
| दाखिला रकम | | प्रमाणित गर्नेको सही | ........... |

म·प·आ·पू· समिति को निर्णय २०८१।१।२०

**नोटः** १. यो फाराम कम्तीमा दुई प्रति तयार गर्नु पर्नेछ।

२. दाखिला फाराम (Deposit slip number) छपाइ गर्दा बैङ्कले दोहोरो (Duplicate) नहुने गरी Alphanumeric code मा गर्नु पर्नेछ। उदाहरणको लागि AAA Bank Ltd. हो भने ABL०*********** को Format मा २० डिजिटभन्दा बढी नहुने गरी छपाइ गर्नु पर्नेछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

म.प.आ.पू. समिति बै.
निर्णय २०८१।१।३०

अनुसूची-२

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

**राजस्व दाखिला भौचर संशोधनको लागि दिइने निवेदन**

मितिः ......................

श्री ............................ बैङ्क लि.,
............................, शाखा, .............।

विषयः भौचर संशोधन गरिदिने सम्बन्धमा।

त्यस बैङ्क शाखामा सूत्र राजस्व मोडयुलको बैङ्क इन्टरफेस/क्युआर कोड/स्थानीय तह राजस्व पोर्टलमार्फत आज दाखिला भएको देहायको राजस्व दाखिला भौचरमा देहाय बमोजिम (कारोवार सङ्केत नं. र मितिबाहेक) संशोधन गर्नुपर्ने भएकोले संशोधन गरिदिनु हुन अनुरोध गर्दछु।

भौचरको संक्षिप्त विवरणः
स्थानीय तहको नामः ................................

संशोधन गर्नुपर्ने विवरण

| क.सं. | दाखिला मितिः | कारोवार सङ्केत नं. | भौचरको विवरण | रकम | भएको | हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

संलग्नः राजस्व दाखिला भौचरको सक्कल प्रति।

**रकम दाखिला गर्नेको,**

दस्तखतः ............................
नामः ..................................
ठेगानाः ..............................
सम्पर्क नं. ..........................

प्र: प: आ: पू: समिति बै:
मिति २०८१।१।३०

अनुसूची-३

(दफा १७ को उपदफा (१) सँग सम्बन्धित)

<u>अन्तर स्थानीय तह भौचर हस्तान्तरणको लागि दिइने निवेदन</u>

मिति: ....................

श्री ........................... बैङ्क लि.,
........................... शाखा, ............।

विषय: अन्तर स्थानीय तह भौचर हस्तान्तरण गरिदिने सम्बन्धमा।

त्यस बैङ्क शाखामा सूत्र राजस्व मोड्युलको बैङ्क इन्टरफेस/क्यूआर कोड/स्थानीय तह राजस्व पोर्टलमार्फत दाखिला भएको रकमको देहायको राजस्व दाखिला भौचरमा स्थानीय तह फरक परेको हुँदा देहायबमोजिम अन्तर स्थानीय तह भौचर हस्तान्तरण गरिदिनुहुन अनुरोध गर्दछु।

भौचरको संक्षिप्त विवरण:
भौचरको कारोबार सङ्केत नं. ......................
दाखिला मिति: ......................................
रकम: ...................................................
स्थानीय तहको नाम: ............................

संशोधन गर्नुपर्ने विवरण

| क.सं. | भएको स्थानीय तह, जिल्ला | हुनुपर्ने स्थानीय तह, जिल्ला |
|---|---|---|
| | | |

संलग्न: राजस्व दाखिला भौचरको सक्कल प्रति।

रकम दाखिला गर्नेको,

दस्तखत: ...........................
नाम: ..................................
ठेगाना: ..............................
सम्पर्क नं. ..........................

नेपाल सरकार

म.प. आ.पू. समिति बैं.
निर्णय २०८१।१।३०

अनुसूची-४

(दफा २७ को उपदफा (२) सँग सम्बन्धित)

**राजस्व फिर्ता माग गर्नको लागि दिइने निवेदन**

मितिः .........................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

..........................., ...................।

विषयः राजस्व फिर्ता गरिदिने सम्बन्धमा।

त्यस बैङ्क शाखामा सूत्र राजस्व मोड्युलको बैङ्क इन्टरफेस/क्यूआर कोड/स्थानीय तह राजस्व पोर्टलमार्फत दाखिला भएको रकमको देहायको राजस्व दाखिला भौचरको रकम देहायको कारण फिर्ता गरिदिनुहुन अनुरोध गर्दछु।

(क) दफा १० को उपदफा (११) वा दफा १७ उपदफा (६) बमोजिम अन्तर स्थानीय तह हस्तान्तरण गर्नुपर्ने राजस्व दाखिला भौचरको रकम दाखिला भएको आर्थिक वर्षमा सम्बन्धित स्थानीय तहमा हस्तान्तरण हुन नसकेको ☐

(ख) अन्य खातामा जम्मा गर्नुपर्ने रकम राजस्व खातामा जम्मा भएको ☐

(ग) भुलवश बढी राजस्व दाखिला भएको ☐

(घ) प्रचलित कानूनबमोजिम फिर्ता गर्नुपर्ने भएको ☐

संलग्नः राजस्व दाखिला भौचरको सक्कल प्रति

**रकम दाखिला गर्नेको,**

दस्तखतः ............................
नामः .................................
ठेगानाः ..............................
सम्पर्क नं. .........................

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

म.प.आ.पू समिति बै. निर्णय २०७८।१।३०

अनुसूची-५

(दफा २१ सँग सम्बन्धित)

<u>राजस्वको मासिक विवरणसहितको प्रतिवेदन</u>

.............................. बैङ्क

बैङ्क कोड नं. ..........

राजस्व खाता नं. .................... राजस्व खाताको नामः ....................

२० ..... साल .................. महिनाको शीर्षकगत राजस्व विवरण

| राजस्व शीर्षक नं. | राजस्व शीर्षकको नाम | गत महिनाको मौज्दात | चालु महिनाको | | यस महिनाको मौज्दात |
|---|---|---|---|---|---|
| | | | खर्च | जम्मा | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

| | | |
|---|---|---|
| .................. | .................. | .................. |
| तयार गर्ने | फाँट प्रमुख | शाखा प्रमुख |

<u>नोटः</u> साउन महिनाको विवरण तयार गर्दा गत महिनाको मौज्दातमा शून्य वा खाली राख्नु पर्दछ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं